# रामनगर गाउँपालिका
RAMNAGAR RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
रामनगर, सर्लाही
Ramnagar, Sarlahi
२०७३

२ नं. प्रदेश ,नेपाल
2 No. Province, Nepal

(प्रथम पटक प्रकाशित सूचना २०७८/०३/२९)

पत्र संख्या(L/No). ०७७/०७८

चलानी नं.

मिति :२०७८/०३/२९

उपरोक्त सम्बन्धमा यस रामनगर गाउँपालिका सिमा क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको नदिहरुवाट आ.व. ०७७/७८ को लागि माछा मार्ने कामको ठेक्का मिति २०७८/०३/२० गतेको निर्णयानुसार ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इक्छुक व्यक्ति वा फर्मलाई तोकिएको सर्तहरुको अधिनमा रहि रितपुर्वकको गोप्य सिलबन्दी वोलपत्र यस कार्यालयमा पेश गर्न सम्बन्धी सवैको जानकारिकोलागि सात दिने सूचना प्रकाशन गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| १ | **वागमती नदिका माछा मार्ने क्षेत्रहरु** | | न्यूनतम रकम | वोलपत्र रकम |
| | क) | धनकौल गाउँलिकाको सिमाना देखि रामनगर गा.पा.को सिमाना खैर्वा धुर्वा सम्म | १,०१,१००/- | ५००/- |
| २ | **मनुस्मारा नदिका माछा मार्ने क्षेत्रहरु** | | | |
| | क) | धनकौल गा.पा.को सिमाना देखि रामनगर वहुअर्वा पूल सम्म | ७१,०००/- | ५००/- |
| | ख) | रामनगर वहुअर्वा पूलदेखि सुदामा वैरेज सम्म | १,०५,०००/- | ५००/- |
| | ग) | सुदामा वैरेज देखि रामनगर गा.पा.को धुर्वा सिमाना सम्म | ६०,५००/- | ५००/- |
| ३ | **एकादशि खोलाका माछा मार्ने क्षेत्र** | | | |
| | क) | धनकौल गा.पाको सिमाना देखि वागमति नदिको मुहान सम्म | ५५,०००/- | ५००/- |
| ४ | **वजार क्षेत्रहरु** | | न्यूनतम रकम | वोलपत्र रकम |
| | क) | सिसौट वजार | ४,००,१०५/- | ५००/- |
| | ख) | खैर्वा वजार | २,०५,००५/- | ५००/- |

**शर्तहरु**

१. ठेक्का अवधि मिति २०७८ श्रावण १ गते देखि २०७९ अशाढ मसान्त सम्म हुनेछ ।

२. वोलपत्रदाता आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३. आफुले कवोल गरेको अंकको नेपाली नागरिक भएमा ५ प्रतिसत र विदेशि नागरिक भए १० प्रतिशत धरौटि रकम राखि पेश गर्नु पर्ने छ । साथै नागरिकता तथा माछा मार्ने व्यवसाय अनुमति पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४. जुन व्यक्ति वा फर्मको नाम वाट वोलपत्र खरिद भएको हो सोहि व्यक्ति वा फर्मको नाममा वोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नामवाट दर्ता गराएको वोलपत्रलाई मान्यता दिइनेछैन । साथै हुलाक सेवा, कुरियर आदि वाट पठाएको वोलपत्र स्वीकार्य हुने छैन ।

५. सिलबन्दी खाममा कुनकुन वस्तु वा कार्यको लागी वोलपत्र दाखिला गरेको हो ? स्पष्ट रुपले खुलाउनु पर्नेछ साथै वोलपत्र दातको नाम र ठेगाना स्पष्ट रुपले खामको वाहिर उल्लेख गर्नुपर्नेछ ।

६. यो सूचना प्रकाशित भएको मितिले (७)सातौ दिन भित्र वोलपत्र फारम रामनगर गा.पाको कार्यालयवाट खरिद गरि (८)आठौं दिनको ३:०० वजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र भोलिपल्ट दिनको १:०० वजे देखि वोलपत्र खोल्ने कार्य हुनेछ ।

कृष्णकुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

मानिने छ ।

७. माछाको वोलपत्र दाखिला गर्दा सम्वन्धित कार्यालयवाट प्राप्त गरेको अनुमति पत्रको प्रतिलिपि संलग्न राखि पेश गर्नुपर्ने छ ।

८. पर्न आएको वोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. आफुले कबुल गरेको ठेक्कामा लाग्ने कर शुल्क वोलपत्र दाताले स्वयं आफै ठेक्का रकममा थप गरि यस कार्यालयमा वुझाउनु पर्नेछ।

१०. वोलपत्र सम्बन्धि अन्य कुरा वुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरि वुझ्न सकिने छ ।

११. ठेकेदारले सम्झौता पत्रमा तोकिएका वस्तुहरु मात्र तोकिए वमोजिमको दर रेटमा कर दस्तुर असुल उपर गर्नुपर्नेछ । सो भन्दा वढि दस्तुर र दर रेटम कर दस्तुर असुल उपर गर्न पाइने छैन ।

१२. वोलपत्र स्वीकृत भएको पत्र प्राप्त भएको मितिले ३ दिनभित्र (वाटो म्याद वाहेक) वोलपत्र दाताले सम्झौता गर्न नआएमा वा दाखिल गर्नपर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार राखेको धरौटि रकम जफत गरिने छ ।

१३. आफुले कवुल गरेको ठेक्काको रकम वोलपत्र स्वीकृतको जानकारि पत्र पाएको ३ दिन भित्र एकमुस्ट नगदै अग्रिम बुझाउने वोलपत्र दातालाई कबुल अंकको १० प्रतिशत रकम छुट दिइनेछ ।

१४. वोलपत्र दाताले सम्झौता गरि चलनपट्टा लिइसकेपछि मानव सृजित बन्द, हडताल, चक्का जाम जस्ता अवस्थाको कुनै किसिमको माफि मिनाह दिइनेछैन ।

१५. नेपाल सरकार ,न्याय निकाय, स्थानिय विकास मन्त्रालय र गाउँपालिकाको कार्यालयले बेला-बेलामा दिएको निति निर्देशन पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य हुनेछ । निती निर्देशन वा अन्य कुनै कारण वाट ठेकेदारलाई हानि नोक्सानि हुन गएमा नेपाल सरकार र गाउँपालिकाको निती निर्देशन एवम परिपत्र बमोजिम हुनेछ ।

१६. ठेक्का सम्बन्धमा कार्यालय तथा ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको निर्णयानुसार हुनेछ ।

१७. यो सूचनामा उल्लेख भएको यसै वमोजिम र उल्लेख नभएको हकमा स्थनिय स्वायत्त शासन नियमावलि र स्थानिय निकाय आर्थिक प्रशासन नियमावलि २०६४ संसोधन सहित तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. ठेक्का अवधि समाप्त भएपछि कर क्लियरिएन्स गरेको प्रमाण पेस गरेपछि मात्र धरौटि फिर्ता हुनेछ ।

कृष्ण कुमार
७८।३।२९

कृष्ण कुमार यादव
नि. प्रमुख प्रशासकीय अधिकृत